शारदा नगरपालिका सल्यानको आ.व. २०८१/०८२ को दोश्रो चौमासिकमा सम्पन्न भएका योजना, विकास निर्माण र सेवा प्रवाहको विषयमा आयोजित

*प्रथम चौमासिक सार्वजनिक सुनुवाइ*

२०८१ चैत्र २९ गते

# प्रगति-प्रतिबेदन




सुनुवाईका सरकोकारवालाहरु ।

**आयोजक**

शारदा नगरपालिका, सल्यान

**सहजिकरण**

बास नेपाल

## शारदा नगरपालिका सल्यानको आ.व. २०८१/०८२ को दोश्रो चौमासिकमा सम्पन्न भएका योजना, विकास निर्माण र सेवा प्रवाहको विषयमा आयोजित

*प्रथम चौमासिक सार्वजनिक सुनुवाइ*
२०८१ चैत्र २९ गते

# प्रतिवेदन

**१. सहजिकरण गर्ने संस्थाको परिचय :–**

बागेशवरी असल शासन क्लब (बास नेपाल) बिगत २४ बर्ष देखि सामाजिक रुपान्तरणका लागि क्रियाशिल गैर सरकारी संस्था हो । २०५७ मंसिर २४ गते स्थापित यो संस्था देशमा ब्याप्त भ्रष्टाचार, अनियमितता, ढिलासुस्ति, घुसखोरी जस्ता बेथितिका बिरुद्ध ससक्त रुपमा क्रियाशिल रहदै आएको छ । ७७ जिल्ला शाखा, ४९ उपशाखा, ६३ ईकाइ र ५००० भन्दा बढी युवाहरु आबद्ध भएको यस संस्थाले असल शासन, सामाजिक जवाफदेहिता, सामाजिक सद्भाव, सामुदायिक सुरक्षा, युवा सशक्तिकरण, स्वयंसेवा, बाल अधिकार, बाल संरक्षण, लैंगिक हिँसा न्यूनिकरण, सामुदायिक सशक्तिकरण, सञ्चार र संस्थागत बिकासका क्षेत्रमा काम गर्दै आईरहेकोछ । बास भ्रष्टाचार बिरुद्धको बिश्वव्यापी संस्था ट्रान्सपरेन्सी ईण्टरनेशन नेपालको आबद्ध संस्था हो ।

समाज कल्याण परिषद काठमाण्डौं, ट्रान्सपरेन्सी ईन्टरनेशनल नेपाल काठमाण्डौं, गो-गो फाउण्डेसन, गैर सरकारी संस्था महासंघ नेपाल, गैर सरकारी सँस्था नेटवर्क लगायतका निकाय तथा संस्थामा आबद्ध यस संस्थाले बिभिन्न सरकारी निकाय, गैरसरकारी संघ, संस्था तथा अन्तराष्ट्रिय संघ, संस्था, स्थानीय सरकार, निजी क्षेत्रसँगको सहकार्य र सहयोगमा काम गरिरहेको छ ।

**२. कार्यक्रमको पृष्ठभुमि :–**

राज्य संचालनको गुणस्तरियताले जनताको जीवनमा निरन्तर प्रभाव पार्दछ । लोकतन्त्रमा सरकारले नागरिकप्रति जवाफदेहि भएर उनिहरुको चित्त बुझाउनु पर्दछ । सार्वजनिक निकायमा बस्नेहरुले कस्तो काम गरिरहेका छन् भनेर नागरिकले चासो राखिरहेका हुन्छन् । त्यसैले राज्य संयन्त्रबाट दिइने सेवा, सुविधा र बस्तुको गुणस्तरका वारेमा सार्वजनिक मञ्चबाट नागरिकले उठाएका प्रश्नको उत्तर दिनु सार्वजनिक पद धारण गरेका व्यक्तिहरुको जवाफदेहिता अन्तर्गत पर्दछ । यस्तो जवाफदेहिता अधिकारमा बसेका जिम्मेवार ब्यक्ति र सेवाग्राहि नागरिकका विच गरिने सार्वजनिक सुनुवाईका माध्यामबाट खोज्न सकिन्छ । यसरी संचालन गरिने सार्वजाीक सुनुवाईबाट सार्वजनिक निकायहरुलाई उनिहरुले गरेको कामको पृष्टपोषणपनि हुन्छ । अनि सरकारी निकाय र नागरिकको विचमा रहेको अविश्वास घटेर जान्छ र सार्वजनिक निकायले अगाडि सारेका हरेक काम कारबाहिप्रति नागरिकमा अपनत्वको भावना पनि जाग्छ । त्यसैगरी राज्य संयन्त्रले गर्ने गतिविधीका वारेमा नागरिकहरुले गुणर दोषका आधारमा मुल्यांकन गर्न पाउनु पर्छ, यो लोकतान्त्रिक मुलुका नागरिकको अधिकार पनि हो ।

यसले स्थानीय नागरिकहरुमा विकास योजना प्रति अपनत्वको भावना विकास गर्नुका साथै पारदर्शिताको अभ्यास गर्दछ । आफ्नो कार्यालयले चौमासिक तथा वर्ष भरीमा सञ्चालन गरेका गतिविधिको प्रभावकारीताका लागि अनिवार्य सार्वजनिक सुनुवाई गर्नु पर्ने राज्यले व्यवस्था गरे अनुसार स्थानिय निकाय सार्वजनिक सुनुवाइ कार्यविधि २०६७ समेत लागु भएको थियो ।

सुनुवाईमा पछाडिपरेका, दलित, अल्पसंख्य, अपाङ्ग सर्वसाधारण नागरिकहरुको उपस्थिती उल्लेखनीय हुनु पर्दछ । हाल सार्वजनिक सुनुवाइलाई बिभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुले अबलम्बन गरेर आफ्ना कार्यक्रम बनाएर सञ्चालन गरी रहेका छन् । सुशासन ऐन, २०६४ को दफा ३० मा सार्वजनिक सुनुवाई गराउनु पर्ने व्यवस्था गरी कानूनी व्यवस्था गरिएको छ । त्यसैगरी सुशासन नियमावली, २०६५ को नियम १९ ले सार्वजनिक निकायले प्रत्येक ४ महिनामा कम्तिमा एउटा सुनुवाई गर्नु पर्ने व्यवस्था गरेको छ । अहिले देश संघिय संरचना अनुसार संचालित छ । हाल सबै कामहरु स्थानीय तहहरु मार्फत संचालन भइरहेको बर्तमान अवस्थामा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सार्वजनिक जवाफदेहिता प्रबर्द्धन कार्यविधि २०७७ (नमुना) जारि गरेको छ । उक्त कार्यबिधिमा स्थानीय तहको सार्वजनिक सुनुवाईको कुरालाई महत्वका साथ उठाएको छ । उक्त नमुना कार्यबिधिको आधरामा **शारदा नगरपालिकाले सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धिको कार्यविधि २०८१** बनाइ कार्यान्वयनमा ल्याएको छ । नगरपालिकाको सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्किो कार्यविधि २०८१ मा सार्वजनिक सुनुवाइको ब्यवस्था गरेको छ । स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद १० को दफा ७८ को उपदफा ५ मा स्थानीय सरकारले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही वनाउन सार्वजनिक सुनुवाई, गर्नुपर्ने ब्यवस्था गरिएको छ । शारदा नगरपालिकाको सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धिको कार्यविधि २०८१ अनुसार नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ मा सञ्चालन गर्नुपर्ने पालिका स्तरिय ३ वटा चौमासिक सार्वजनिक सुनवाइ अन्तर्गत दोश्रो चौमासिक सार्वजनिक सुनुवाइ सम्पन्न भएको छ ।

**३. कार्यक्रमका उद्धेश्यहरु :**

- नगरपालिकाको काम कारबाही बारे नगरबासिहरुलाई जानकारी गराउने ।
- नगरपालिकाले प्रदान गर्ने सेवा र सुबिधाका बारेमा छलफल/बहस गर्ने ।
- नगरपालिकासंग सम्बन्धित गुनासोहरु सुनुवाई गरि गुनासो व्यवस्थापन गर्ने ।
- नगरपालिकाले प्रदान गर्ने सेवा र सुबिधाको प्रभाबकारिताका बारेमा पृष्टपोषण लिने ।
- नगरपालिकाको चौमासिक गतिबिधिहरुको समिक्षा गरि भावि कार्ययोजनाका लागि सुझाब संकलन गर्ने ।
- सेवाग्राहीबाट आएका गुनासोको सुनुवाई गर्न साझा सार्वजनिक प्रतिवद्धताको घोषणा गर्ने ।

**४. सार्वर्जजनिक सुनुवाई संचंचालनका क्रममा अवलम्बन गरिएका विधिहरु :**

शारदा नगरपालिकाले प्रदान गर्ने सेवा र सुविधाको प्रभावकारिता बिषयक सार्वजनिक सुनुवाई गर्नु पूर्व निम्न बिधिहरु अवलम्बन गरिएको थियो :

*क. सहजिकरण गर्ने संस्थाको छनौट तथा सम्झौता :* विगतका बर्षहरु देखिनै बिभिन्न स्थानीय तहको सार्वजनिक सुनुवाईको सहजिकरणको जिम्मेवारी सम्हाल्दै आएको बास नेपाल र शारदा नगरपालिका बिच शारदा नगरपालिकाको आ.व. २०८१/०८२ मा सञ्चालन गर्नुपर्ने चौमासिक सार्वजनिक सुनुवाइ गर्नका लागि सम्झौता भएको थियो ।

*ख. ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययन :*

सार्वजनिक सुनुवाइ कार्यक्रम गर्नु पुर्व नगरपालिकाका प्रतिनीधि र सहजिकरणको जिम्मा पाएको संस्थाका प्रतिनिधिहरुले स्थानीय सरकार संचालन ऐन २०७४, सुशासन ऐन २०६४ तथा नियमावली, २०६५, शारदा नगरपालिकाको सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्किो कार्यविधि, २०८१, लगायतका कार्यविधि र निर्देशिकाहरुको विस्तृत अध्ययन गरिएको थियो ।

*ग. सार्वर्जजनिक सुनुवाइको लागि सूचना तथा प्रचार प्रसार र पत्राचार :*

सार्वजनिक सुनुवाई कार्यक्रम संचालन हुने विषयमा सार्वजनिक सुनुवाई कार्यक्रमको व्यापक सूचना प्रबाह र प्रचार प्रसारको लागि नगरपालिकामा सबैलाई सार्बजनिक सुचना एक हप्ता अगाडी देखि गरिएको थियो । आम नागरिकहरुको व्यापक सहभागिताका लागि कार्यक्रम हुनु अगाबै सार्वजनिक सूचना प्रकाशन, टाँस, निमन्त्रणा पत्र बितरण तथा पत्राचार समेत गरिएको थियो भने स्थानीय एफएम रेडियो र सामाजिक सञ्जाल मार्फत सूचना सम्प्रेषण गरिएको थियो । बिशेष गरि वडा कार्यालय र बास स्वयंमसेवकहरु मार्फत आम नागरिकहरुलाई आमन्त्रण गरिएको थियो ।

*घ. मिति, समय र स्थान निर्धारण :*

नगरपालिका र बास बिच छलफल पश्चात शारदा नगरपालिका वडा नं. २ स्थित टुडिखेलमा २०८१ चैत्र २९ गते शुक्रवारका दिन बिहान ११.०० बजे देखि कार्यक्रम गर्ने समय निर्धारण गरिएको थियो ।

*ङ. नागरिक प्रतिबेदन पत्र तथा बर्हिगमन अभिमत संकलन :*

शारदा नगरपालिकाले दिने सेवा तथा सुविधाको बिषयमा ५० जना सेवाग्राहीहरुबाट नागरिक प्रतिबेदन पत्र र ५० जनाबाट बर्हिगमन अभिमत संकलन गरिएको थियो । सो अभिमतको नतिजा सार्वजनिक सुनुवाइमा प्रस्तुत गरिएको थियो ।

*च. सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन*

शारदा नगरपालिका सल्यानको आर्थिक बर्ष २०८१/०८२ को दोश्रे चौमासिकको सार्वजनिक सुनुवाई सम्पन्न भएको छ । शारदा नगरपालिका सल्यानको आयोजना र बास नेपालको सहजीकरणमा शारदा नगरपालिकाले प्रदान गर्ने सेवा र सुबिधाको प्रभावकारीता बिषयक सार्बजनिक सुनुवाई कार्यक्रम २०८१ चैत्र २९ खलङ्गा स्थित टुडिखेलमा सम्पन्न भएको हो । सार्बजनिक सुनुवाईमा सहभागीहरुले सडक निर्माण गर्दा नालीको व्यवस्था नगर्नाले घरमा भल पस्ने, पालिका अन्तर्गतका सडकहरु स्तरउन्न्ती हुन नसकेका, नागरिकका समस्या लिएर जाँदा सुनुवाई हुन नसकेका, आमा समुहको घर निर्माण गर्नुपर्ने, पिउने पानीको समस्या भएको, लक्षित बर्ग उत्थान अन्तर्गत बिभिन्न सिपमुलक तालिमहरुका सञ्चालन हुन नसकेको, धार्मिक आस्था प्रति पालिकाले खासै चासो नदेखाएको, श्रीनगरमा चौतारी निर्माणमा ढिलाई भएको लगायतका प्रश्न तथा समस्या उठान गरेका थिए ।

सहभागीहरुले गरेका प्रश्नको जवाफ दिदै शारदा नगरपालिकाका नगर प्रमुख प्रकाश भण्डारीले आफ्नो पालिकामा बसोबास गर्ने हरेक नागरिकहरुको समस्याहरु आफुले नजिकबाट हेर्ने गरेको र नागरिकहरुको समस्या समाधान गर्न आफु दिन रात नभनी लागि परेको बताउनु भयो । नगर प्रमुख भण्डारीले पालिकाले गरेका हरेक कामहरुको मुल्याँकन जनताहरले गर्नुपर्ने र सचेत नागरिकहरुको हिसावले हामीले गरेका कामहरु प्रति चित्त नबुझेमा आफ्नै भाई छोरा सम्झी सल्लाह सुझाव दिन अनुरोध गर्नु भएको थियो । नगरपालिकाको समग्र विकासका लागि अन्य पालिका, प्रदेश देखि केन्द्र सम्म हारगुहार गरीरहेको बताउदै शिक्षा, स्वास्थ्य, खानेपानी, बिधुत लगायतको क्षेत्रमा उल्लेखनिय कामहरु पालिकाले गरेको भण्डारीको भनाइ थियो । पालिका भित्र वसोवास गर्ने कुनैपनी नागरिकलाइ समस्या पर्दा आँशु पुछ्न का लागि तयार छौं भण्डारीले भन्नु भयो “जुनसुकै समयमा निधक्क भएर समस्या लिएर आउनुहोस पालिकाले सक्ने सहयोग गर्न तयार छ ।”

सहभागिहरुको प्रश्नको जवाफ दिदै शारदा नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत ओम प्रकास देवकोटाले जनताकै सेवामा जनप्रतिनिधिहरु र कर्मचारीहरु लागिपरेकाले बिस्तारै नागरिकहरुको समस्या समाधान हुदै जाने बताउनु भयो । अहिले शारदा नगरपालिकाको ट्डकारो समस्या भनेको पिउने पानीको रहेकाले समस्या समाधान गर्न जर्कु खानेपानीको डिपिआर भई काम अगाडी बढिसकेको देवकोटाको भनाइ थियो ।

झण्डै २ घण्टा सम्म चलेको कार्यक्रममा सरोकारवालाहरुको रुपमा शारदा नगरपालिकाका नगर प्रमुख प्रकाश भण्डारी, उपप्रमुख सुस्मिता सापकोटा, प्रशासकिय अधिकृत ओम प्रकाश देवकोटा, वडा नम्बर १ देखी १५ वटै वडाका बडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु, नगरपालिकाका शाखा प्रमुखहरुको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा २ सय जनाको उपस्थिति रहेको थियो । कार्यक्रमबाट ६ बुद्धे साझा सार्बजनिक प्रतिबद्धता घोषण गरिएको छ । प्रतिबद्धताहरुमा पालिका भित्र बसोबास गर्ने बिपन्न तथा गरिब बर्गका समुदायबाट उच्च शिक्षा अध्ययनका लागि माग भई निबेदन आएका आबश्यकताको आधारमा छात्रबृति उपलब्ध गर्ने, पालिकाका बिभिन्न क्षेत्रमा बाटोको समस्या भएको माग आएकाले आगामि बर्ष प्राथामिकताको आधारमा क्रमागत रुपमा योजना बनाई कार्यन्वयन गर्ने, नगरपालिकाको सेवा सुबिधालाई थप प्रभावकारी बनाउदै जाने, पारदर्शिता र जवाफदेहिता प्रबर्द्धनमा बिशेष जोड दिने, जंगली जनावरबाट हुने वाली नोक्सानीको राहत उपलब्ध गराउन आवश्यक सहजिकरण गर्ने, पालिका भित्र बसोबास गर्ने सबै बर्ग धर्म समुदायलाई सम्मान गर्ने र समान दृष्टिकोण राखी कार्य गर्ने, पालिकाले गरेका राम्रा कामको प्रचार गर्ने र सुधार गर्नपर्ने बिषयमा सचेत नागरिकको हिसाबले पालिकालाई सुझाव दिने लगायतका रहेका छन् ।

कार्यक्रममा पालिकाले नरपालिकाका गप्रमुख प्रशासकिय अधिकृत ओम प्रकास देवकोटाल दोश्रो चौमासिक अवधिमा सम्पन्न गरेका कार्यक्रमहरुको प्रतिबेदने प्रस्तुत गर्नु भएको थियो भने बास नेपालका जन सम्पर्क अधिकृत माधव कार्कीले नागरिक प्रतिबेदन र बर्हिगमन अभिमते प्रस्तुत गरेका थिए । कार्यक्रमको सहजिकरण बास नेपालका कार्यक्रम प्रबन्धक मन भण्डारीले गरेका थिए ।

<u>तस्विरमा सुनुवाई :</u>






सुनुवाइ सहजिकरण गर्दै सहजकर्ता मन भण्डारी बायाँ तथा प्रतिवेदन प्रस्तुत गर्दै प्रमुख प्रशासकिय अधिृत ओम प्रकास देवकोटा दायाँ ।




सुनुवाईमा जवाफ दिदै नगर प्रमुख प्रकाश भण्डारी बायाँ र प्रश्न गर्दै सहभागिहरु दायाँ ।




सुनुवाइका सहभागिहरु बायाँ तथा सरोकारवाला ब्यक्ति दायाँ ।

### *ज. सार्वजनिक सुनुवाइमा उठान भएका सवालहरु*

सार्वजनिक सुनुवाइमा सडक, नालीको समस्या, सडकहरु स्तरउन्न्ती हुन नसकेका, आमा समुहको घर निर्माण गर्नुपर्ने, पिउने पानीको समस्या भएको, लक्षित बर्ग उत्थान अन्तर्गत बिभिन्न सिपमुलक तालिमहरुका सञ्चालन गर्नुपर्ने, बिभिन्न धार्मिक आस्था प्रति पालिकाले समान दृष्टिकोण राख्नुपर्ने, श्रीनगरमा चौतारी निर्माण हुनुपर्ने लगायतका बिषयहरुमा जिज्ञाशा, गुनासो तथा प्रश्न राखेका थिए भने सरोकाकारवालाहरुले सहभागिको प्रश्नको जवाफ दिएका थिए । सहभागिहरुले उठाएका सवाल र सरोकारवालाहरुको जवाफ अनुसूचीमा उल्लेख गरिएको छ ।

### ५. सार्वजनिक सुनुवामा सहभागिहरु उपस्थिती संख्या:

शारदा नगरपालिकाको आयोजना र बास नेपालको सहजिकरणमा सम्पन्न सार्वजनिक सुनुवाई कार्यक्रममा नगरपालिकाको बिभिन्न वडाबाट सेवाग्राही, वडा कार्यालयका पदाधिकारी, सदस्यहरु, बिभिन्न सञ्जालका प्रतिनिधि, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि, शिक्षक, विद्यार्थी, बुद्धिजिबी, विभिन्न संघ, संस्थाका प्रतिनिधी लगायत गरी

२०७ जनाको सहभागिता रहेको थियो । जस्मा महिला ९६ जना र पुरुष १११ जनाको सहभागिता थियो । जातीगत रुपमा दलित ६० जना, जनजाती ९० जना र अन्य ५७ जना गरी २०७ जनाको सहभाति रहेको थियो ।

## ६. जवाफदेहि बक्ताहरु:

**सार्वजनिक सुनुवाई कार्यक्रममा तपसिल अनुसारका जबाफदेहि बक्ताहरुको अर्थपूर्ण सहभागिता रहेको थियो ।**

| क्र.स. | नाम | पद | निकाय |
|---|---|---|---|
| १. | प्रकाश भण्डारी | नगर प्रमुख | शारदा नगरपालिका |
| २. | सुस्मिता सापकोटा | उप प्रमुख | शारदा नगरपालिका |
| ३. | ओम प्रकाश देवकोटा | प्रमुख प्रशासकिय अधिकृत | शारदा नगरपालिका |
| ४. | प्रदिप कुमार पाण्डे | वडा अध्यक्ष | शारदा नगरपालिका वडा नं. १ |
| ५. | सविन हमाल | वडा अध्यक्ष | शारदा नगरपालिका वडा नं. २ |
| ६. | तुल्सा भण्डारी | वडा अध्यक्ष | शारदा नगरपालिका वडा नं. ३ |
| ७. | किशोर कुमार हमाल | वडा अध्यक्ष | शारदा नगरपालिका वडा नं. ४ |
| ८. | प्रदिप शाही | वडा अध्यक्ष | शारदा नगरपालिका वडा नं. ५ |
| ९. | भिक राज बुढाथोकी | वडा अध्यक्ष | शारदा नगरपालिका वडा नं. ६ |
| १० | लिला बहादुर रोका | वडा अध्यक्ष | शारदा नगरपालिका वडा नं. ७ |
| ११ | लक्ष्मण बुढाथोकी | वडा अध्यक्ष | शारदा नगरपालिका वडा नं. ८ |
| १२ | हेमेन्द्र कुमार बुढाथोकी | वडा अध्यक्ष | शारदा नगरपालिका वडा नं. ९ |
| १३ | कृष्ण बहादुर बोहरा | वडा अध्यक्ष | शारदा नगरपालिका वडा नं. १० |
| १४ | राजेश कुमार शर्मा | वडा अध्यक्ष | शारदा नगरपालिका वडा नं. ११ |
| १५ | सुरेन्द्र बुढा | वडा अध्यक्ष | शारदा नगरपालिका वडा नं. १२ |
| १६ | जंग बहादुर बुढा मगर | वडा अध्यक्ष | शारदा नगरपालिका वडा नं. १३ |
| १७ | प्रकाश पुन | वडा अध्यक्ष | शारदा नगरपालिका वडा नं. १४ |
| १८ | लोकमान बुढाथोकि | वडा अध्यक्ष | शारदा नगरपालिका वडा नं. १५ |
| १९ | कार्यपालिका सदस्यहरु | सबै | शारदा नगरपालिका |
| २० | शाखा प्रमुखहरु | सबै | शारदा नगरपालिका |

## ७. सवल पक्षहरु

प्रभावकारी सेवा, सुविधा तथा गुणस्तरीय विकास कार्यक्रम, बिकास निर्माण, सरसफाई बारे खुला छलफल गरी नागरिकका गुनासा तथा रचनात्मक सुझाब राख्नका लागि शारदा नगरपालिकाको आयोजना तथा बास नेपालको

सहजिकरणमा सञ्चालन भएको सार्वजनिक सुनुवाई एक सफल कार्यक्रमको रुपमा स्थापित भएकोछ । यो कार्यक्रम सञ्चालनको क्रममा पाईएका केहि **सवल पक्षहरु** निम्नानुसार रहेका छन् ।

१. सार्वजनिक सुनुवाई कार्यक्रम सुशासन ऐन, नियमावली तथा स्थानिय सरकार संचालन ऐन २०७४, शारदा नगरपालिकाको सार्वजनिक जवाफदेहिता प्रवर्द्धत सम्बन्धिको कार्यबिधि-२०८१ अनुसार तोकिएको समय सिमाभित्र सम्पन्न भएको छ ।

२. सार्वजनिक सुनुवाई कार्यक्रममा नगरपालिकाको सेवा प्रबाहको अवस्था, मूख्य-मूख्य उपलब्धिहरु, नयाँ कार्यहरु र आगामी योजना बारे जानकारी गराउने काम भएको छ ।

३. सहभागिहरुले गुनासा, जिज्ञासा, सुझाब स्वस्फूर्त रुपमा धक फुकाएर अभिव्यक्त गरेका छन् ।

४. कार्यक्रमको सुरुवातमा सार्वजनिक सुनुवाइका आचारसंहिता प्रस्तुत सहित अनुमोदन गरी कार्यक्रम संचालन गरिएको थियो ।

५. सहभागिहरुबाट उठान गरिएका सवालहरु तथा सुझाबहरुको जबाफदेहि बक्ताहरुबाट चित्तबुझ्दो जबाफ खोज्ने काम भएको थियो भने सहजकर्ताबाट थप प्रष्ट पार्नका लागि प्रभावकारी रुपमा सहजिकरण गर्ने काम भएको थियो ।

६. कार्यक्रमको अन्तमा छलफल भएका विषयवस्तुहरुलाई संक्षेपीकृत गरी ६ बुँदे प्रतिवद्धता तयार र सार्वजनिकीकरण गरी जबाफदेहि बक्ताहरुलाइ हस्ताक्षर गराईएको थियो ।

७. कार्यक्रमको प्रचार प्रसारका लागि सार्वजनिक सुचना, पत्राचार, निमन्त्रणा वितरण गरिएको थियो ।

८. सुनुवाईमा नगरपालिकाका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकिय अधिकृत, वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु, शाखा प्रमुखहरुको उपस्थित हुनुले सुनुवाई प्रभावकारी भएको थियो ।

९. सुनुवाईमा अल्प संख्य, सिमान्तकृत, महिला तथा पछाडि परेका वर्गहरुको अर्थपुर्ण व्यापक सहभागिता रहेको थियो ।

## ८. सुधारका लागि सुझाब

१. कार्यक्रम निकै प्रभावकारी भएको भएपनि थप प्रभावकारि बनाउनका लागी सम्पन्न सार्वजनिक सुनुवाईमा गरिएका प्रतिबद्धताहरु कार्यान्वयनमा ध्यान दिनु पर्ने देखिन्छ ।

२. पालिकाले चौमासिक अवधिमा गरेका कामहरुको प्रतिवेदन सहभागिहरुलाइ वितरण गर्न सकेको खण्डमा कार्यक्रम थप प्रभावकारी हुने देखिन्छ ।

## ९. कार्यक्रमका उपलब्धिहरु :

- नगरपालिकाको काम कारबाही बारे नागरिकहरुलाई जानकारी गराउने काम भएकोछ ।
- नगरपालिकाले प्रदान गर्ने सेवा र सुबिधाका बारेमा छलफल/बहस गर्ने काम भएको छ ।
- नगरपालिकासंग सम्बन्धित गुनासोहरु सुनुवाई गरि गुनासो व्यवस्थापन गर्ने काम भएकोछ ।
- नगरपालिकाले प्रदान गर्ने सेवा र सुबिधाको प्रभाबकारिताका बारेमा पृष्टपोषण लिने काम भएकोछ ।
- चौमासिक गतिबिधिहरुको वारेमा जानकारी तथा समिक्षा गरि भावि कार्ययोजनाका लागि सुझाब संकलन गर्ने काम भएको छ ।
- सेवाग्राहीबाट आएका गुनासोको सुनुवाई गर्न ८ बुदे साझा सार्वजनिक प्रतिवद्धताको घोषणा गरिएको छ ।

## *अनुसूची २*

*सार्वजनिक सुनुवाइमा जारी गरिएका सहभागि तथा जबाफदेहिबक्ताले पालना गर्नुपर्ने आचारसंहिता :*

१. सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ ।

२. सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ ।

३. सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो परिचय सहित प्रश्न, जिज्ञासा वा सुझाब के हो राख्नुपर्नेछ ।

४. सेवाग्राही सहभागी नागरिकहरु धैरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुदांगत रुपमा छोटकरीमा प्रश्न प्रतिक्रिया राख्नु पर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बिते पछि तत्काल प्रस्तुती रोक्नुपर्नेछ ।

५. आफू भन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोऱ्याउन जरुरी हुने छैन ।

६. चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाईनेछ ।

७. सहभागीले बिना आधार कसै प्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाईने छैन ।

८. सुनुवाईका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाई राख्न वा बोल्न पाईने छैन ।

९. सुनुवाईलाई बिथोल्ने प्रयास कतैबाट भएको पाईएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधानखोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ ।

१०. सुनुवाईलाई विषयान्तर हुनबाट जोगाउन सबै सहभागि सचेत हुनु पर्नेछ ।

अनुसुची २

## नागरिक प्रतिवेदन पत्र (citizen Report Card) को नतिजा

| पहिलो चौमासिक (२०८१ मंसिर १) को नतिजा | | दोश्रो चौमासिक (२०८१ चैत्र २९) को नतिजा | |
|---|---|---|---|
| 1 | तपाइँले यस नगरपालिका कार्यालयबाट सेवा लिदा समग्रमा कतिको सन्तुष्ट हुनुहुन्छ ?<br>ठीकै )68%) सन्तुष्ट (32%) असन्तुष्ट )0%) | 1 | तपाइँले यस नगरपालिका कार्यालयबाट सेवा लिदा समग्रमा कतिको सन्तुष्ट हुनुहुन्छ ?<br>ठीकै ( 54%) सन्तुष्ट (42%) असन्तुष्ट) 4%) |
| 2 | सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?<br>ठीकै )58%) सन्तुष्ट (42%) असन्तुष्ट )0%) | 2 | सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?<br>ठीकै )52%) सन्तुष्ट (42%) असन्तुष्ट )6%) |
| 3 | कार्यालयमा नियमित रुपमा पदाधिकारी र कर्मचारीको उपस्थिति, समय पालना, कार्य चुस्तता पाउनु भएको छ ?<br>छ (72%) छैन (28%) | 3 | कार्यालयमा नियमित रुपमा पदाधिकारी र कर्मचारीको उपस्थिति, समय पालना, कार्य चुस्तता पाउनु भएको छ ?<br>छ (86%) खै भेटिन मैले त )4%) कहिले काहिँ भेटिन्छन् (10%) |
| 4 | तपाईले सेवा लिन जाँदा लाग्ने शुल्क बाहेक अतिरिक्त रकम तिर्नु भयो ?<br>तिरेको छैन )92%) एकदमै कम )8%) | 4 | तपाईले सेवा लिन जाँदा लाग्ने शुल्क बाहेक अतिरिक्त रकम तिर्नु भयो ?<br>तिरेको छैन )94%) एकदमै कम )6%) |
| 5 | यस कार्यालयमा तपाईको समस्या कति दिनमा समाधान भयो ?<br>१ दिन (80%) २ दिन (16%) धेरै दिन (4%) | 5 | यस कार्यालयमा तपाईको समस्या कति दिनमा समाधान भयो ?<br>१ दिन )78%) काम (16%) २ दिन )4%) धेरै दिन )2%) |
| 6 | यस कार्यालयमा कार्यरत कर्मचारी प्रति तपाईको विश्वास कत्तिको छ ?<br>ठीकै विश्वास छ (66%) धेरै विश्वास छ (32%) विश्वास छैन (2%) | 6 | यस कार्यालयमा कार्यरत कर्मचारी प्रति तपाईको विश्वास कत्तिको छ ?<br>ठीकै विश्वास छ (86%) धेरै विश्वास छ )10%) विश्वास छैन )4%) |
| 7 | यस कायार्लयले विपन्न वर्गको लागि छुट्याएको सेवा तथा वजेट प्रयोग गरेको थाहा पाउनु भएको छ ? छ (62%) छैन (38%) | 7 | यस कायार्लयले विपन्न वर्गको लागि छुट्याएको सेवा तथा वजेट प्रयोग गरेको थाहा पाउनु भएको छ ? खै थाह छैन (62%) छ (24%) अलि अलि थाहा छ (8%) छैन (6%) |
| 8 | यस कार्यालयले प्रदान गरेको सेवाको बारेमा अरुलाई जानकारी तथा कत्तिको प्रचार गर्नु भएको छ ?<br>गरेको छैन (48%) ठिकै गर्ने गरेको छुँ (38%) सके सम्म गर्ने गरेको छुँ (14%) | 8 | यस कार्यालयले प्रदान गरेको सेवाको बारेमा अरुलाई जानकारी तथा कत्तिको प्रचार गर्नु भएको छ ?<br>गरेको छै (68%) ठिकै गर्ने गरेको छुँ (14%) सके सम्म गर्ने गरेको छुँ (18%) |
| 9 | तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ?<br>कसैको सहयोग नलिई आफै (58%) गाउँका ठूलाबडा (30%) मध्यस्थकर्ता 12%) | 9 | तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ?<br>कसैको सहयोग नलिई आफै (96%) गाउँका ठूलाबडा )4%) |
| 10 | यस नगरपालिकाको भौतिक अवस्था कस्तो छ ?<br>अति राम्रो छ (24%) ठीकै छ (6%) खराब छ (0%) | 10 | यस नगरपालिकाको भौतिक अवस्था कस्तो छ ?<br>अति राम्रो छ (16%) ठीकै छ (76%) खराब छ (4%)<br>तत्काल भौतिक संरचना बनाउनु पर्नेछ (4%) |
| 11 | नगरपालिकामा सञ्चालन गरिने सावर्जनिक कार्यक्रममा सीमान्तकृत वर्गको उपस्थिति कति प्रतिशत सम्म हुने गरेको छ ?<br>२० प्रतिशत (52%) ५० प्रतिशत (12%) सहभागिता हुँदैन (36%) | 11 | नगरपालिकामा सञ्चालन गरिने सावर्जनिक कार्यक्रममा सीमान्तकृत वर्गको उपस्थिति कति प्रतिशत सम्म हुने गरेको छ ?<br>२० प्रतिशत (2%) थाहा छैन (86%) ५० प्रतिशत (6%) १०० प्रतिशत (6%) |
| 12 | कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ ?<br>ठीक ठीकै छ (72%) सुमधुर सम्बन्ध छ (24%) खासै राम्रो छैन (4%) | 12 | कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ ?<br>ठीक ठीकै छ )70%) सुमधुर सम्बन्ध छ (26%) खासै राम्रो छैन )4%) |
| 13 | सभाबाट कानुन बनाउँदा र कार्यपालिकामा नीति, नियम र निर्देशिका र मापदण्ड तर्जुमा गर्दा | 13 | सभाबाट कानुन बनाउँदा र कार्यपालिकामा नीति, नियम र निर्देशिका र मापदण्ड तर्जुमा |

| | | | |
|---|---|---|---|
| | छलफलमा सबै सभाका सदस्यको प्रतिनिधित्व भएको थाह पाउनु भएको छ ?<br>ठिकै छ )84%) सबैको सहभागिता भएको छ )14%) सबैको सहभागिता भएको छैन (2%) | | गर्दा छलफलमा सबै सभाका सदस्यको प्रतिनिधित्व भएको थाह पाउनु भएको छ वा सरोकारवाला तथा विज्ञको रुपमा तपाई सहभागी हुनुभएको छ ?<br>यो त मलाई केही थाह छैन (68%) ठिकै छ (22%) सबैको सहभागिता भएको छ (10%) |
| 14 | तपाइको विचारमा सेवाग्राहीले नागरिक वडा पत्रको उपयोग कुन हदसम्म गरेका छन ?<br>धेरै गरेका छन् (58%) कम गरेका छन् )36%) गरेको छैनन् )6%) | 14 | तपाइको विचारमा सेवाग्राहीले नागरिक वडा पत्रको उपयोग कुन हदसम्म गरेका छन ?<br>धेरै गरेका छन् (44%) कम गरेका छन् )52%) गरेको छैनन् )4%) |
| 15 | तपाईको विचारमा नगरपालिका र यसका सेवाप्रदायकहरुले नागरिक वडापत्र अनुरुप कति हदसम्म सेवा प्रदान गरेको जस्तो लाग्छ ?<br>ठीकै गरेका छन् (90%) नागरिक वडापत्र अनुरुप गरेका छन (10%) | 15 | तपाईको विचारमा नगरपालिका र यसका सेवाप्रदायकहरुले नागरिक वडापत्र अनुरुप कति हदसम्म सेवा प्रदान गरेको जस्तो लाग्छ ?<br>ठीकै गरेका छन् (80%) नागरिक वडापत्र अनुरुप गरेका छन (20%) |
| 16 | तपाईको विचारमा उजुरी तथा गुनासोँ पेटीकाको उपयोग कुन हदसम्म भएको छ ?<br>अहिले त अनलाईन प्लाटफर्म तथा वेवसाइटमा नै गुनासो र उजुरी गरिन्छ<br>ठिकै भएको छ (68%) धेरै भएको छ (16%) कम भएको छ (16%) | 16 | तपाईको विचारमा उजुरी तथा गुनासोँ पेटीकाको उपयोग कुन हदसम्म भएको छ ?<br>अहिले त अनलाईन प्लाटफर्म तथा वेवसाइटमा नै गुनासो र उजुरी गरिन्छ (6%)<br>ठिकै भएको छ (66%) धेरै भएको छ (4%) भएकै छैन (6%) कम भएको छ (18%) |
| 17 | सिफारिसको लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी पाउनु भयो ?<br>पाएँ )64%) ठीकै पाएँ )46%) स्पष्ट पाईंन )0%) | 17 | सिफारिसको लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी पाउनु भयो ?<br>पाएँ )70%) ठीकै पाएँ )26%) स्पष्ट पाईंन )4%) |
| 18 | वडापालिकाले राजस्व/, शुल्क, सेवादस्तुर को–कोसँग उठाउने गर्दछ ?<br>राजश्व बुझाउनु पर्ने सबै व्यक्तिसँग उठाउँछ (58%) सबैसँग उठाउँछ (40%)<br>सीमित व्यक्तिसँग मात्र उठाउँछ (2%) | 18 | वडापालिकाले राजस्व/, शुल्क, सेवादस्तुर को–कोसँग उठाउने गर्दछ ?<br>राजश्व बुझाउनु पर्ने सबै व्यक्तिसँग उठाउँछ (100%) |
| 19 | कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?<br>राम्रो छ (46%) ठीकै छ (52%) खराब छ )2%) | 19 | कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?<br>राम्रो छ )36%) ठीकै छ (62%) खराब छ )2%) |
| 20 | कार्यालयमा सेवा प्रवाह र कार्यसम्पादन सम्बन्धी गुनासो गर्दा त्यसमाथि कारवाही कत्तिको गरिन्छ ?<br>तुरुन्तै हुन्छ (62%) पटक पटक भने पछि मात्रै हुन्छ (28%) जति भने पनि हुन्न (10%) | 20 | कार्यालयमा सेवा प्रवाह र कार्यसम्पादन सम्बन्धी गुनासो गर्दा त्यसमाथि कारवाही कत्तिको गरिन्छ ?<br>खै मैले त गुनासो नै गरेको छैन (86%) तुरुन्तै हुन्छ (4%) जति भने पनि हुन्न (6%)<br>पटक पटक भने पछि मात्रै हुन्छ (4%) |
| 21 | तपाईको विचारमा पालिकाले पूर्वाधार सम्बन्धी कार्यक्रम कस्तो किसिमले गर्छ ?<br>ठीकै गर्छ (78%) नियमित र राम्रोसँग गर्छ (20%) नियमित रुपमा गर्दैन (2%) | 21 | तपाईको विचारमा पालिकाले पूर्वाधार सम्बन्धी कार्यक्रम कस्तो किसिमले गर्छ ?<br>मलाई थाह छैन (64%) ठीकै गर्छ (22%) नियमित र राम्रोसँग गर्छ (6%)<br>असार लागेपछिको काम हुन्छ (8%) |
| 22 | तपाईको पालिकामा विकास निर्माणको स्थिति कस्तो छ ?<br>राम्रो छ (40%) ठीकै छ (60%) खराब छ (0%) | 22 | तपाईको वडा पालिकामा विकास निर्माणको स्थिति कस्तो छ/?<br>राम्रो छ (16%) ठीकै छ (74%) खराब छ (4%) खै के भन्ने (6%) |
| 23 | तपाईको पालिकामा संचालन गरेका आयोजनाहरु कत्तिका प्रभावकारी छन् ?<br>ठीक छन् (68%) प्रभावकारी छन् )26%) प्रभावकारी छैनन् )6%) | 23 | तपाईको वडा पालिकामा संचालन गरेका आयोजनाहरु कत्तिका प्रभावकारी/छन् ?<br>ठीक छन् (80%) खै के भन्ने (8%) प्रभावकारी छन् (8%) प्रभावकारी छैनन् (4%) |
| 24 | पालिकाको आयोजना सम्पन्न भएपछि जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?<br>पर्दैन (78%) मागेर लिन्छन् (14%) रकम नदिए अप्ठ्यारो पार्छन् (8%) | 24 | पालिकाको आयोजना सम्पन्न भएपछि जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?<br>पर्दैन (30%) मलाई थाह छैन (58%) रकम नदिए अप्ठ्यारो पार्छन् (2%) |

| | | | |
|---|---|---|---|
| | | | उपभोक्ता समितिमा मैले काम गरेको छैन (6%) मागेरै लिन्छन् (4%) |
| 25 | आयोजना सञ्चालन गर्दा पालिकावाट प्राविधिक सहयोग कत्तिको पाउनु भयो ?<br>कहिलेकाँही पाइन्छ (38%) सजिलै पाइन्छ (62%) माग गर्दा पनि पाइदैन (0%) | 25 | आयोजना सञ्चालन गर्दा वडा पालिकावाट प्राविधिक सहयोग कत्तिको/पाउनु भयो ?<br>आयोजनामा मैले काम नै गरेको छैन (82%) कहिलेकाँही पाइन्छ (4%) सजिलै पाइन्छ (10%) माग गर्दा पनि पाइदैन (4%) |
| 26 | पालिकामा विकास निर्माणका बारेमा जानकारी माग्दा पाउनु हुन्छ ?<br>सोधेपछि पाइन्छ (54%) सजिलै पाइन्छ (46%) | 26 | पालिकामा विकास निर्माणका बारेमा जानकारी माग्दा पाउनु हुन्छ ?<br>मैले जानकारी नै मागेको छैन (84%) सोधेपछि पाइन्छ (8%) सजिलै पाइन्छ (8%) |
| 27 | आयोजना सञ्चालन गर्दा पालिकाबाट कत्तिको सहयोग पाउनु भएको छ ?<br>धेरै सहयोग पाएको छुँ (30%) ठीकै सहयोग पाएको छुँ (70%) निरुत्साहित गरिन्छ (0%) | 27 | आयोजना सञ्चालन गर्दा पालिकाबाट कत्तिको सहयोग पाउनु भएको छ ?<br>आयोजनामा मैले काम नै गरेको छैन (88%) धेरै सहयोग पाएको छुँ (2%)<br>ठीकै सहयोग पाएको छुँ (8%) पाउनु त कहाँ निरुत्साहित गरिन्छ । (2%) |
| 28 | यस नगरपालिकाको आर्थिक स्रोत कस्तो छ ?<br>आवश्यक श्रोत उपलब्ध छ (64%) कम श्रोत उपलब्ध छ (30%) अति कम श्रोत उपलब्ध छ (6%) | 28 | यस नगरपालिकाको आर्थिक स्रोत कस्तो छ ?<br>आवश्यक श्रोत उपलब्ध छ (60%) कम श्रोत उपलब्ध छ (40%) |
| 29 | काम गर्ने प्रणाली र प्रक्रिया कस्तो छ ?<br>ठीकै (92%) अति सरल (8%) जटिल )0%) | 29 | काम गर्ने प्रणाली र प्रक्रिया कस्तो छ ?<br>ठीकै (92%) अति सरल (4%) जटिल (4%) |
| 30 | पालिकाको आम्दानी र खर्च कार्यालय बाहिर सूचना पाटीमा टाँसेको देख्नुभयो ?<br>टाँसेको देखेको छुँ (48%) कहिलेकाही टाँसेको देखिन्छ (30%) खै कतै देखिएन (22%) | 30 | पालिकाको आम्दानी र खर्च कार्यालय बाहिर सूचना पाटीमा टाँसेको देख्नुभयो ?<br>खै मैले त त्यतातिर ध्यान नै दिएको छैन (90%) टाँसेको देखेको छुँ (6%)<br>खै कतै देखिएन (4%) |
| 31 | कार्य सम्पन्नको आधारमा मूल्यांकन भएको छ कि छैन ?<br>भएको छ (46%) ठीकै मूल्याङ्कन हुने गरेको छ (54%) | 31 | कार्य सम्पन्नको आधारमा मूल्यांकन भएको छ कि छैन ?<br>खै मलाइ त थाह छैन (90%) भएको छ (4%) ठीकै मूल्याङ्कन हुने गरेको छ (4) भएको थाहा छैन (2%) |
| 32 | यस पालिकाको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?<br>जानकारी पाएको छुँ (52%) अलि अलि जानकारी पाएको छुँ (48%) कुनै जानकारी पाएको छैन (0%) | 32 | यस पालिकाको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?<br>मैले त खोजी नै गरेको छैन (86%) अलि अलि जानकारी पाएको छुँ (4%)<br>कुनै जानकारी पाएको छैन (6%) जानकारी पाएको छुँ )4%) |
| 33 | पालिकाले निर्माण गरेका ऐन, नियम, निर्णय, बजेट कार्यक्रम, कार्यप्रगति आदी सम्बन्धी विवरण सार्वजनिक हुने गर्दछ ?<br>हुने गरेको छ (90%) हुने गरेको छैन (10%) | 33 | वडापालिकाले निर्माण गरेका ऐन/, नियम, निर्णय, बजेट कार्यक्रम, कार्यप्रगति आदी सम्बन्धी विवरण सार्वजनिक हुने गर्दछ ?<br>खै मलाई त थाह छैन (68%) हुने गरेको छ (32%) |
| 34 | सार्वजनिक हुने माध्यम के के हुन्<br>सामाजिक संजाल (36%) वेवसाइट (2%) सूचना पाटी (18%) पत्रपत्रिका र मिडिया (10%) सार्वजनिक सुनुवाई (20%) अन्य (2%) जनप्रतिनिधि घरदैलो र भेटघाट (2%) | 34 | सार्वजनिक हुने माध्यम के के हुन् ?<br>सामाजिक संजाल (37.5%) वेवसाइट (12.5%) पत्रपत्रिका र मिडिया (31.25%)<br>सार्वजनिक सुनुवाई (12.5%) अन्य ( 6.25%) |
| 35 | वडापालिकाको कार्यालयबाट तपाईले चाहेको विवरण माग गर्दा वा/ आवश्यक पर्दा पाउँनु भएको छ ?<br>सहजै पाएँ (78%) धेरै पटक भनेपछि पाएँ (20%) वास्ता नै गरिएन (2%)<br>जति भनेपनि पाइएन (0%) | 35 | वडा पालिकाको कार्यालयबाट तपाईले चाहेको/विवरण माग गर्दा वा आवश्यक पर्दा पाउँनु भएको छ ?<br>धेरै पटक भनेपछि पाएँ (26%) सहजै पाएँ )52%) वास्ता नै गरिएन )14%)<br>जति भनेपनि पाइएन )8%) |

## अनुसुची २

### बर्हिगमन अभिमत (Exit Poll)

| | पहिलो चौमासिक (२०८१ मंसिर १) को नतिजा | | दोश्रो चौमासिक (२०८१ चैत्र २९) को नतिजा |
|---|---|---|---|
| 1 | सेवा लिदा कोसँग सम्पर्क गर्ने भन्नेमा तपाईलाई जानकारी भयो ?<br>ठीकै (50%) अति स्पष्ट (50%) अस्पष्ट (0%) | 1 | सेवा लिदा कोसँग सम्पर्क गर्ने भन्नेमा तपाईलाई जानकारी भयो ?<br>ठीकै (58%) अति स्पष्ट (38%) अस्पष्ट (4%) |
| 2 | सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यक्ता र अपेक्षा कति बुझे जस्तो लाग्यो ?<br>ठीकै (60%) अति धेरै (38%) थोरै (2%) | 2 | सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यक्ता र अपेक्षा कति बुझे जस्तो लाग्यो ?<br>ठीकै (64%) अति धेरै (36%) थोरै (0%) |
| 3 | तपाईप्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ?<br>मिलनसर मैत्रीपूर्ण (54%) ठीकै (38%) खासै राम्रो व्यहार गरेनन् (8%) | 3 | तपाईप्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ?<br>ठीकै (62%) मिलनसर मैत्रीपूर्ण (36%) खासै राम्रो व्यहार गरेनन् (2%) |
| 4 | सेवा प्राप्त गर्न आवश्यमक सूचनाहरु (प्रमाण,कागजात) र शुल्क, दस्तुर बारे तपाईलाई सेवाप्रदाय कर्मचारीले स्पष्ट जानकारी गरे ?<br>अति स्पष्ट गरीदिए (56%) ठीकै (42%) अलमल हुने गरी सूचना दिए (2%) | 4 | सेवा प्राप्त गर्न आवश्यमक सूचनाहरु (प्रमाण,कागजात) र शुल्क, दस्तुर बारे तपाईलाई सेवाप्रदाय कर्मचारीले स्पष्ट जानकारी गरे ?<br>अति स्पष्ट गरीदिए (52%) ठीकै (48%) |
| 5 | तपाँईले राख्नु भएका समस्यालाई के कस्तो समाधान दिए ?<br>अति सजिलो तरीकाबाट समाधान दिए (56%) ठीकै (42%) समाधान दिन सकेनन् (2%) | 5 | तपाँईले राख्नु भएका समस्यालाई के कस्तो समाधान दिए ?<br>ठीकै (62%) अति सजिलो तरीकाबाट समाधान दिए (38%) |
| 6 | तपाईलाई सेवाप्राप्त गर्न अपनाईएका प्रकृया के कस्तो लाग्यो ?<br>अति सजिलो (50%) ठिकै (50%) लामो र झन्झटिलो (0%) | 6 | तपाईलाई सेवाप्राप्त गर्न अपनाईएका प्रकृया के कस्तो लाग्यो ?<br>अति सजिलो (34%) ठिकै (64%) लामो र झन्झटिलो (2%) |
| 7 | **नगरपालिकाका राम्रा पक्षहरु के के छन् ?**<br>1. पालिकाको संचार प्रणाली अति राम्रो छ ।<br>2. नगरपालिकाको वरिपरी सरसफाई, खानेपानी पार्किगं को उचित व्यवस्थापन देखिन्छ ।<br>3. पालिकामा कार्यरत कर्मचारीहरुको व्यवहार राम्रो छ ।<br>4. पालिकामा जडान भएको डिजिटल बार्ड प्रभावकारी छ ।<br>5. पहिलाको भन्दा अहिले धेरै कुराहरु सुधार भएको छ । | | **नगरपालिकाले सुधार गनुपर्ने पक्षहरु के के छन् ?**<br>1. विकास निमार्णका कार्यहरुलाई प्रथामिकता दिनु पर्ने देखिन्छ ।<br>2. बर्षातको समयमा बढि, पहिरो तथा आवत जावतमा हुने समस्यालाई न्यूनीकण गर्न तथा प्रतिकार्यको लागि पूर्व तयारी गरिनुपर्ने देखिन्छ ।<br>3. पार्किगंलाई थप व्यवस्थापन गर्नुपर्ने देखिन्छ । |

मन भण्डारी

कार्यक्रम प्रबन्धक, बास नेपाल